# मध्यनेपाल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
भोर्लेटार, लमजुङ
गण्डकी प्रदेश, नेपाल


पत्र सः ०८३/८४
च. नं.

फोन नं ०६६-४१०२५२
मितिः२०८३।०४।१२

**व्यवसाय दर्ता तथा नवीकरण गर्ने सम्बन्धी जरुरी सूचना।**

प्रस्तुत विषयमा मध्यनेपाल नगरपालिका कार्यालयको व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७६ को दफा ३ उपदफा (२) बमोजिम हालसम्म नगरपालिकामा दर्ता नगरी सञ्चालनमा रहेका कुनै पनि प्रकारको **उद्योग, व्यापार व्यवसाय, होटल, रेष्टुरेण्ट, बैंक तथा वित्तीय, निजी शिक्षण संस्था, होस्टल, कोचिङ सेन्टर, पेशा वा अन्य प्रकृतिका व्यावसायिक कारोवार, कृषि तथा पशुपन्छी फर्महरु लगायत सम्पूर्ण व्यापार तथा व्यवसायहरु यो सूचना प्रकाशन भएको मितिले ३५(पैंतिस) दिन भित्र देहायका विवरण तथा कागजात संलग्न राखि नगरपालिकाको कार्यालयमा दर्ता तथा नवीकरण गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।** साथै प्रचालित कानून वमोजिम सम्बन्धीत निकायवाट उद्योग व्यवसाय दर्ता र ईजाजतपत्र लिनुपर्ने भएमा सोही निकायवाट ईजाजत पत्र प्राप्त गरी सो प्रमाण-पत्र सहित यस कार्यालयमा अनिवार्य दर्ता गर्नुपर्ने व्यहोरा समेत अनुरोध छ। गत आ.व २०८२/०८३ मा व्यवसाय दर्ताको अनुपातमा नवीकरण दर न्यून भएको **सन्दर्भमा चा.लु आ.वको असोज मसान्तसम्म नवीकरण गरेमा विलम्व शुल्कमा २० प्रतिशत छुट प्रदान गरिएको हुँदा तोकिएको समय सिमाभित्र नवीकरण गरी छुट सुविधा प्राप्त गर्नुहुन अनुरोध छ।** दर्ता नवीकरण नगरी संचालन भएका व्यवसायहरुलाई नियमानुसार दण्ड जरिवना सहित कारवाही हुने व्यहोरा समेत अनुरोध छ।

..............
हरिराम नागिला
प्रमुख प्रशासकीय अधिकृत

**दर्ताको लागि आवश्यक कागजातहरु:**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- व्यवसाय सञ्चालकको दुई प्रति फोटो,
- व्यवसाय सञ्चालन हुने जग्गाको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि वा कम्तीमा दश वर्ष लिजमा लिएको खुल्ने सक्कल कागजात,
- सम्बन्धित वडा कार्यालयको सिफारिस
- चालु आर्थिक बर्षको सम्पत्ति तथा भूमिकर (मालपोत) तिरेको रसिद ।
- कार्यविधिको अनुसुची २ बमोजिमको निवेदन। (कार्यालयवाट उपलब्ध हुने)

**नवीकरणको लागि आवश्यक कागजातहरु:**

- व्यवसाय दर्ता प्रमाणपत्रको सक्कल,
- व्यवसाय सञ्चालकको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,
- चालु आर्थिक बर्षको सम्पत्ति तथा भूमिकर (मालपोत) तिरेको रसिद,
- सम्बन्धित वडा कार्यालयको सिफारिस,
- कार्यविधिको अनुसुची २ बमोजिमको निवेदन